नेपाल हाइड्रो डेभलोपर लि.

रजिष्ट्रर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं

को

एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५।०३।०६)

श्री शेयरधनीमहानुभावहरु,

यस कम्पनीको मिति २०७५/०३/०४ मा बसेको सञ्चालक समितिको १२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको ११औं वार्षिक साधारण सभामा देहायको विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।।

सभाहुने मिति : २०७५/०३/२९ (१३ जुलाई, २०१८)।
सभा शुरु हुने समय : बिहान ११.०० बजे।
सभाहुने स्थान : रसियन सेन्टर अफ साइन्स एण्ड कल्चर, कमलपोखरी, काठमाडौं।

छलफलका विषयसूचीहरु :

१. आर्थिक वर्ष २०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको बासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३/०७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने।
३. चालु आ.व.२०७४/०७५को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. कम्पनीको स्वीकृत नियमावली बमोजिम अगामी कार्यकाल (४ वर्ष) को लागि संस्थापक समूहबाट ३ (तीन) जना र सर्वसाधारण समूहबाट १ (एक) जना संचालकको निर्वाचन गर्ने।
५. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. वार्षिक साधारण सभा र संस्थापक/सर्वसाधारण शेयरधनीहरुको तर्फबाट चुनिने सञ्चालकको निर्वाचनलाई ध्यानमा राखी मिति २०७५/०३/१३ देखि मिति २०७५/०३/२९गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द रहने छ।
२. वार्षिक साधारण सभामा भाग लिन तथा निर्वाचनमा मतदान गर्न इच्छुक शेयरधनीले नेपाल सरकारका निकायबाट जारी भएका आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) र शेयर प्रमाणपत्र वा प्रतिलिपि वा हितग्राही खाता नम्बर भएको संलग्न स्टेटमेण्ट अनिवार्य रुपमालिई आउनु हुन अनुरोध छ। शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिति पुस्तिका बिहान ११ बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहने छ।
३. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा शुरु हुने दिन २ (दुई) दिन अगावै कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ।
४. शेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.charnawatihydro.com मा पनि हेर्न सकिनेछ। कुनै कारणवश प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुले यस कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार,काठमाडौंबाट लिन सक्नु हुनेछ।
५. नाबालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ।
६. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाडौंमा लिखित जानकारी दिनु पर्नेछ। त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।
७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ।
८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु साधारण सभा स्थलमा आउंदा झोला, पोका जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरि दिनु हुन अनुरोध छ।
९. संस्थापक/सर्वसाधारण शेयरधनीतर्फबाट सञ्चालकको लागि निर्वाचन गर्ने कार्यक्रम सम्बन्धी सम्पूर्ण सूचना/कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय (कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा.वडा नं. ३३ डिल्लीबजार, काठमाडौं) मा मिति २०७५/०३/२०मा टाँस गरिने हुँदा निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।